रून्टिगढी गाउंपालिका
# गाउंकार्यपालिकाको कार्यालय
**होलेरी, रोल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

## औषधि तथा औषधि जन्य सामाग्री खरिद सम्बन्धि शिलबन्दि दरभाउपत्र आह्वानको सुचना !

**प्रथम पटक सुचना प्रकाशित मिती : २०८०/१०/१४ गते**
**दोस्रो पटक सुचना प्रकाशित मिती : २०८०/११/०१ गते**

यस रून्टिगढी गाउपालिका रोल्पा अन्तर्गतका स्वास्थ्य संस्थाहरूका लागि आबश्यक पर्ने तल तालिकामा उल्लेखित रकमको औषधि तथा औषधीजन्य सामाग्री शिलबन्दि दरभाउपत्र द्वारा खरिद गर्नु पर्ने भएको हुंदा योग्यता पुगेको ईच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/सप्लायर्स/ब्याबसायीहरू बाट निम्न सर्तको अधिनमा रहि शिलबन्दि दरभाउपत्र पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१। यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र ब्यवसायी प्रमाणपत्र, नबिकरण प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा प्रमाणपत्र, तथा आ.व. ०७९/०८० को कर चुक्ता प्रमाणपत्रको सक्कलै स्क्यान अथवा नोटरी द्वारा प्रमाणित प्रतिलिपि पेश गरी, PPMO को WEBSITE www.bolpatra.gov.np/egp बाट प्रकृया पुर्याई विद्युतीय खरिद प्रणालीबाट (E- Bidding) गर्न सकिनेछ र E-Bidding का लागि राष्ट्रिय बाणिज्य बैंक,होलेरी शाखामा रहेको रुन्टिगढी गाउँपालिकाको आन्तरिक राजश्व खाता नं (ग १.१) ४३१०१००३०१०१०००२ (For Bid Document Cost) मा जम्मा गरेको सक्कल भौचर स्क्यानिङ्ग गरी राख्नुपर्नेछ र दरभाउपत्र विद्युतिय खरिद प्रणालीवाट मात्र खरिद गर्नुपर्नेछ ।

२। विद्युतीय खरिद प्रणालीवाट खरिद भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० वजे भित्र यस कार्यालयको नाममा सम्वोधन गरि कामको विवरण, दरभाउपत्रदाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई आधिकारीक सहि र फर्मको छाप लगाई उल्लेखित वेवसाइटवाट मात्र दर्ता गराउनु पर्नेछ ।

३। विद्युतीय खरिद प्रणालीवाट मात्र दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा रुन्टीगढी गाउँपालिकाको कार्यालयमा खोलिनेछ तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४। दरभाउपत्रदाता ले तोकिए बमोजिम धरौटी रकम राष्ट्रिय बाणिज्य बैंक होलेरी रोल्पा स्थीत रून्टिगढी गाउपालिकाको कार्यालयको नाममा रहेको बैंक धरौटी खाता नं ४३१०१००३०३००००२ मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको दरभाउपत्र खोलिने अन्तिम मितीले ७५ दिन म्याद भएको बैंक ग्यारेण्टी पेस गर्नुपर्ने छ ।

५। दरभाउपत्र खरीद तथा दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । एक फर्मको नाममा खरिद गरेको दरभाउपत्र फारम अर्को ब्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

६। दरभाउपत्रमा कबोल गरेको दररेट अंक र अक्षर दुबैमा प्रष्ट रूपमा लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ . केरमेट भएको ठाउमा सहीछाप गरेकको हुनुपर्नेछ साथै प्रत्यक औषधिको उत्पादक कम्पनी अनिबार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।

७। औषधि खरिद गर्दा WHO RENEW GMP Certified Company बाट उत्पादित औषधिमात्र खरिद गरिनेछ । बोतलमा सप्लाईहुने औषधिहरू प्लास्टिक बोतलमा र चक्कीहरू स्ट्रिपमा हुनुपर्नेछ . सप्लाईहुने औषधिहरूको प्रत्येक प्याकिडको बाहिर र बोतल, चक्कीहरूको स्ट्रिपमा उत्पादन मिती, म्याद गुज्रने मिति, ब्याच नं तथा Supply for Ministry of Health and Population Nepal (यो औषधि/सामान बिक्रिको लागी होईन) भन्ने बाक्यांस लेखिएको हुनुपर्नेछ ।

८। औषधि दाखिलाहुन आउदा सम्म औषधिको म्याद कम्तिमा ७५% बाँकी हुनुपर्नेछ ।

९। दरभाउपत्रमा पेश गरेको मूल्य यस आ।ब।को लागि भएकोले २०८१ असाढ मसान्त सम्म कुनै प्रकारको मुल्य बृद्धिलाई स्विकार गर्न सकिनेछैन .

१०। दरभाउपत्रमा माग गरिएको परिमाण थपघट गर्ने, दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११। दरभाउपत्र फारममा प्रत्येक औषधिको आइटम वाइज उत्पादक कम्पनिको नाम भर्नुपर्नेछ र हरेक औषधिको उत्पादक WHO RENEW GMP CERTIFIED भएको प्रमाण अनिबार्य रूपमा पेश गर्नुपर्नेछ । साथै औषधि बिक्रि बितरण दर्ता प्रमाणपत्र, उत्पादन अनुज्ञापत्र, बिदेशी औषधिकोहकमा Letter of Recommendation For Import of Drug आदि प्रमाणहरू पनि पेश गरेको हुनुपर्नेछ । यसरी सम्पुर्ण बिबरण पेश नभएको फर्मको बोलपत्र मूल्याङन प्रकृयामा समाबेश गरिनेछैन ।

१२। सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले खरिद कारबाहिमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाँझिएको पेशा वा ब्यबसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रूपमा स्वयं घोषणा गरेको पत्र पेश गर्नुपर्नेछ ।

१३। यस सुचनामा छुटहुन गएका अन्य कुराहरू सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियमानुसार हुनेछ ।

**तसिशल**

| सि.नं. | दरभाउपत्र नं. | कामको बिबरण | लगत अनुमान(भ्याट सहित) | धरौटी रकम |
|---|---|---|---|---|
| 1 | ROLPA/RRM/14/2080/081 | औषधि तथा औषधिजन्य सामग्री खरिद | रू २६३२८८५।०० | रू ६५०००।०० |

प्रमुख प्रशासकिय अधिकृत